Email id.: akcmorang@gmail.com

प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, मोरङ्ग
प्रदेश नं.१ विराटनगर, नेपाल

पत्र सं. २०७९/०८०
च.नं.

मिति- २०७९/०८/२७

सूचना।　　　सूचना ।।　　　सूचना।।।

## कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यक्रम सम्बन्धी सुचना

### प्रथम पटक प्रकाशित मिति- २०७९/०८/२७

कृषि ज्ञान केन्द्र, मोरङ्गको आ.व.२०७९/०८० को वार्षिक स्वीकृत कार्यक्रम अनुसार प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली र मापदण्ड २०७८ बमोजिमका शर्तहरु पालना गरी तपसिलका कार्यक्रम कार्यान्वयन गर्नका लागि मोरङ्ग जिल्ला अन्तर्गतका इच्छुक कृषक/कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन ( मिति २०७९/०९/२७ गते ) भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ। साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराइने छैन।

थप जानकारीको लागि यस ज्ञान केन्द्रका निमित्त प्रमुख श्री रामदेव सिंह (स.नं. ९८५२०२८१७८), कृषि अधिकृत श्री धर्मेन्द्र कुमार सिंह (स.नं. ९८१७७२२३२७) वा स्थानीय तहका कृषि विकास शाखामा सम्पर्क राख्नुहुन साथै कृषि मन्त्रालयको वेभसाईट www.molmac.p1.gov.np बाट कार्यक्रम सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नुहुनेछ ।

कार्यक्रमको विवरण

| क सं | कार्यक्रमको नाम | इकाई | परिमाण | प्रति हेक्टर रकम (रु. हजारमा) | साझेदार निकाय | गापा/न पा<br>प्रति वडा १ कलष्टर<br>प्रति कलष्टर-२०हे. |
|---|---|---|---|---|---|---|
| १ | हाईब्रिड मकै खेती विस्तार | हेक्टर | ५०० | १५००० | कृषक/कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्महरु | जहदा वडा नं०६„<br>रंगेली वडा नं.१,३,५,६,८,९,<br>सुनवर्षि वडा नं.६,७,८,९,<br>रतुवामाई वडा नं.३,५,६,<br>उर्लाबारी वडा नं.२,३,<br>मिक्लाजुङ्ग वडा नं.६,८,<br>धनपालथान वडा नं.१,७<br>ग्रामथान गा.पा.वडा नं.७<br>बेलबारी न.पा.वडा नं. ५,६,<br>सुन्दर हरैंचा न.पा. वडा नं.२,११ |
| २ | चैते धान बिशेष सहयोग कार्यक्रम | हेक्टर | ३३२ | १५००० | कृषक/कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्महरु | रंगेली वडा नं.५(२ कलष्टर )र वडा नं. ६(२ कलष्टर )<br>सुनवर्षि वडा नं.१,४,५,९,<br>रतुवामाई वडा नं.४ (३२हे. )<br>उर्लाबारी वडा नं.१,४,९,<br>पथरी शनिश्चरे वडा नं. ६(१ कलष्टर ) र वडा नं. ८ (२ कलष्टर ),<br>सुन्दर हरैंचा वडा नं.११ |

निमित्त प्रमुख

Email id.: akcmorang@gmail.com

प्रदेश सरकार
कृषि मन्त्रालय
कृषि विकास निर्देशनालय
# कृषि ज्ञान केन्द्र, मोरङ्ग
प्रदेश नं.१ विराटनगर ,नेपाल

पत्र सं. २०७९/०८०
च.नं.

आवश्यक कागजातहरु:

- रु १०/- को टिकट टाँस गरिएको निबेदन।
- निवेदक कृषकहरुको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि।
- सम्बन्धित स्थानीय तह/कृषि शाखाको सिफारिस पत्र।
- कृषक/कृषक समुह/कृषि सहकारी संस्था/कृषि उद्यमी/कृषि फर्मको प्रमाण पत्र वा नवीकरणको प्रमाणित प्रतिलिपि र समुह सहकारीको बैठक निर्णयको प्रतिलिपि साथै कार्यक्रम कार्यान्वयन गर्न अख्तियारीको निर्णय।
- संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपि।
- गत आ.व. ०७८/०७९ को कर चुक्ता गरेको प्रमाण पत्र प्रतिलिपि।
- सहकारी/फर्म/कम्पनीहरुको हकमा आ.व. ०७८/०७९ को लेखा परिक्षणको प्रमाणित प्रतिलिपि।
- आवेदकले दोहोरो पर्ने गरि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्व घोषणा पत्र।
- आफ्नो स्वामित्व खुल्ने जग्गा धनीपूर्जा प्रमाण पत्रको प्रतिलिपि/जग्गा भाडामा लिइ खेति भएको भए ५ वर्ष र स्थायी संरचनाको भएमा न्युनतम १० वर्ष सम्म भाडामा लिइ सो को सम्बन्धित स्थानीय तह/वडाको रोहवरमा करारनामा गरेको प्रमाणित कागजात।
- कार्यक्रम अनुसारका कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियामावली ,२०७८ बमोजिम माग गरिएको आवश्यक कागजातहरु पुर्ण नभएमा प्रस्ताव स्वत रद हुने छ।
- संस्थागत प्रस्तावना निवेदन दस्तुर रु. २००/- र व्यक्तिगत कृषकहरुको हकमा प्रस्तावना निवेदन दस्तुर रु. १००/- कृषि ज्ञान केन्द्र मोरङ्गको खाता नं. १०००१००२०१०१०००१, राजस्व शिर्षक नं. १४२२९, कार्यालय कोड नं. ३१२०११३०३१, राष्ट्रिय वाणिज्य बैक, विराटनगरमा जम्मा गरेको सक्कल भौचर संलग्न गर्नु पर्ने छ।

नोट – माथि उल्लेखित कार्यक्रमहरु पेश गर्नको लागि प्रस्तावनाको ढाँचा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन नियमावली २०७८ अनुसुची-२ बमोजिम पेश गर्नु पर्ने छ र उक्त माग गरेको विवरण वाहेक थप कागजातहरु आवश्यक भएमा पछि माग गर्न सकिनेछ । अनुदानग्राहीले विगत ३ आ.व. सम्म सरकारी (संघीय, प्रदेश, स्थानीय तह)/अन्य आयोजनाहरुबाट अनुदान प्रास गरेको जानकारी भएमा उक्त प्रस्तावना दर्ता नहुने वा दर्ता भएपनि छनौट प्रकृया बाट हटाइने समेत जानकारी गराइन्छ ।

रामदेव सिंह
निमित्त प्रमुख
निमित्त प्रमुख